## उद्यम विकास सहजकर्ता करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७७/८/१३**

प्रस्तुत विषयमा संघीय सरकारबाट यस नगरपालिकामा प्राप्त सशर्त अनुदानतर्फको गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालनका लागि आवश्यक उद्यम विकास सहजकर्ता करारमा पदपुर्तिका लागि तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले १५ (दिन) भित्र माग बमोजिमका विवरणहरु र राजश्व बुझाएको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०४/२०७७/०७८ | उद्यमविकास सहजकर्ता | स्थानियतहको सहायक स्तर चौथो पाँचौ तह सरह | २ (दुई जना) |

**१.आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभीटी)बाट मान्यता प्राप्त उद्यमविकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभीटी)बाट उद्यमविकास सहजकर्ता सीप परिक्षण तह २ वा तह ३ उत्तिर्ण गरेको वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सिटिईभीटी) बाट मान्यता प्राप्त उद्यमविकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तिर्ण गरेको

घ) नेपाली नागरिक हुनु पर्ने

ङ) करार सेवाको लागि कुनै पनि कानूनले अयोग्य नठहरिएको

च) उमेर १८ वर्ष पुरा भएर ४५ वर्ष ननाघेको ।

छ) साथै निर्देशिकाको दफा ६ को खण्ड (क) बमोजिम योग्यता भएका, श्रम सूचना बैंकमा सूचीकृत भएका र अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिईनेछ।

२. दरखास्त दिने स्थान :ठूलीभेरी नगरपालिकाको कार्यालय,जुफाल डोल्पा ।
३. दरखास्त दिने अन्तिम मिति :२०७७ मंसिर २७ गते ।
४. आवेदन दस्तुर: रु ५०० (पाँच सय)
५. आवेदन दस्तुर बुझाउने ठाँउ : यस नगरपालिकाको राजश्व शाखा वा यस नगरपालिकाको सिटिजन बैंकमा जुफाल शाखा रहेको राजश्वखाता नं १४०१०००००००१२०२ मा बुझाउन सकिनेछ ।
६. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता
७. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका

प्रमुख प्रशासकीय अधिकृत

कागजात प्रतिलिपीहरु

क) नेपाली नागरिकता
ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाणपत्र
घ) २ प्रतिपासपोर्ट साईजको फोटो
ङ) अनुभव सम्बन्धी कागजातहरु

८. सेवा सुविधा: स्थानीय सेवाको सहायक स्तर चौथो वा पाँचौ तह सरह
९.पदले सम्पादित गर्नुपर्ने कार्यविवरण: संघीय सरकारको गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ मा तोकिए बमोजिम हुनेछ।
१०.प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परिक्षा संचालन हुने मिति : पछि प्रकाशन गरिने छ।
११.सम्पर्क नम्बर: ०८७-५५१०१३/९८६०१०४१९६/९८४८३१६७२२

**नोट:** दरखास्त आवेदन फारम र अन्य जानकारी नगरपालिकाको वेबसाईट thulibherimun.gov.np, Email: thulibherimun@gmail.com वा neupane.dantabirat@gmail.com वा tekbahadurkc36@gmail.com वा कार्यालयबाट उपलब्ध हुनेछ।

सहभागिहरुले ईमेल मार्फत दरखास्त दिन चाहेमा यस नगरपालिकाको सिटिजन बैंक खाता नं ९४०१०००००००१२०२ मा राजश्व बुझाएको भौचर, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी तथा दरखास्त फारम स्क्यान गरि कार्यालयको ईमेलमा पनि दिन सकिने छ। उक्त सहभागि थप प्रक्रियाको लागि छनौट भएमा उक्त राजश्व बुझाएको सक्कली भौचर, सक्कली दरखास्तफारम, शैक्षिक प्रमाणपत्र कार्यालयमा पेश गर्नु पर्नेछ।

लोक बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत